# अनुसूची (२)

(दफा ४ तथा अनुसूची- १ को भाग- २ संग सम्बन्धित)

# बढैयाताल गाँउपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ८ राजपत्रमा प्रकासित मितिः २०८२।०९।१२

भाग-२

बढैयाताल गाउँपालिका

**<u>२०८२ सालको कार्यबिधि नं २</u>**

## बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि, २०८२

गाउ सभाबाट स्वीकृत मिति २०८२।०९।०८

**प्रस्तावना**

बढैयाताल गाउँपालिकाभित्र पर्यटन प्रवर्द्धन, जल-पर्यटन, होम स्टे, पर्यटन क्षेत्र व्यवस्थापन, तालमा माछापालन, निजी क्षेत्र साझेदारी तथा पर्यटन प्रवर्द्धन कोष सञ्चालनलाई स्थानीय परिवेश, सामाजिक मर्यादा, साहित्य, कला ,सांस्कृतिक संवेदनशीलता तथा दिगो विकासको सिद्धान्तअनुसार व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न, पर्यटन गतिविधिबाट स्थानीय रोजगारी, आयआर्जन तथा आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ को दफा २६ बमोजिम बढैयाताल गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरि स्वीकृत जारी गरेको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भ**

बढैयाताल गाँउपालिका

(१) यस कार्यविधिको नाम **"बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि, २०८२"** हुनेछ।

(२) यो कार्यविधि बढैयाताल गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि बढैयाताल गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र लागू हुनेछ।

(४) यस कार्यविधिमा उल्लिखित व्यवस्था बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ बमोजिम कार्यान्वयन गरिनेछ।

**२. उद्देश्य**

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

(ख) पर्यटन क्षेत्र घोषणा, व्यवस्थापन तथा सञ्चालनसम्बन्धी प्रक्रिया स्पष्ट र व्यवस्थित गर्ने।

(ग) जल-पर्यटन, होम स्टे, माछापालन तथा अन्य पर्यटन गतिविधिको सञ्चालन मापदण्ड निर्धारण गर्ने।

(घ) निजी क्षेत्रसँग सार्वजनिक-निजी साझेदारी प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक तथा उत्तरदायी बनाउने।

(ङ) पर्यटन प्रवर्द्धन कोषको सञ्चालन, खर्च, लेखापरीक्षण तथा पारदर्शिता सुनिश्चित गर्ने।

(च) स्थानीय समुदायको सहभागिता, रोजगारी सिर्जना तथा दिगो पर्यटन विकासलाई प्रोत्साहन गर्ने।

(छ) पर्यटन गतिविधिबाट वातावरणीय सन्तुलन, सांस्कृतिक संरक्षण तथा सामाजिक सद्भाव कायम राख्ने।

**३. परिभाषा**

यस कार्यविधिमा, सन्दर्भले अन्यथा नबुझाएसम्म:

(क) "ऐन" भन्नाले बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले बढैयाताल गाउँपालिका सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले बढैयाताल गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "गाउँसभा" भन्नाले बढैयाताल गाउँसभा सम्झनु पर्छ।

(च) "पालिका स्तरीय पर्यटन विकास समिति " भन्नाले ऐनबमोजिम गठन भएको पालिका स्तरीय पर्यटन विकास समिति सम्झनु पर्छ।

(छ) "पर्यटन क्षेत्र" भन्नाले यस कार्यविधि तथा ऐनबमोजिम गाउँसभाबाट स्वीकृत भई सार्वजनिक सूचना प्रकाशित गरिएको पर्यटन सम्भावना भएको क्षेत्र सम्झनु पर्छ।

बढैयाताल गाउँपालिका

(ज) “**वडा पर्यटन प्रबर्द्धन समिति**” भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन भएको वडा स्तरको व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) “पर्यटकीय गतिविधि” भन्नाले ताल, जलाशय, धार्मिक, सांस्कृतिक वा प्राकृतिक क्षेत्रमा सञ्चालन गरिने जल-पर्यटन, होम स्टे, अवलोकन, पदयात्रा, सांस्कृतिक कार्यक्रम, पर्यटनसँग आबद्ध अनुभव तथा अन्य पर्यटनसम्बन्धी गतिविधि सम्झनु पर्छ।

(ञ) “जल-पर्यटन” भन्नाले ताल वा जलाशय क्षेत्रमा सञ्चालन गरिने डुंगा सयर, पैडल डुंगा, क्यानोइङ लगायतका जल-आधारित पर्यटन गतिविधि सम्झनु पर्छ।

(ट) “जल-पर्यटन अनुमति पत्र” भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गाउँपालिकाले अनुसूची-५ अनुसार जारी गर्ने अनुमति पत्र सम्झनु पर्छ।

(ठ) “होम स्टे” भन्नाले स्थानीय घरपरिवार/समूहले पर्यटकलाई आवास, खानपान तथा स्थानीय जीवनशैली/संस्कृतिको अनुभव उपलब्ध गराउने पर्यटन सेवा सम्झनु पर्छ।

(ड) “होम स्टे दर्ता प्रमाणपत्र” भन्नाले यस कार्यविधिको दफा १७ बमोजिम गाउँपालिकाले अनुसूची-४ अनुसार जारी गर्ने दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ढ) “माछापालन” भन्नाले ताल वा जलाशय क्षेत्रमा स्वीकृत क्षेत्र, विधि तथा सर्त अनुसार गरिने माछा पालनसम्बन्धी कार्य सम्झनु पर्छ।

(ण) “निजी क्षेत्र” भन्नाले पर्यटनसम्बन्धी सेवा, लगानी वा व्यवसाय सञ्चालन गर्ने निजी व्यक्ति, फर्म, कम्पनी, सहकारी संस्था वा गैरसरकारी निकाय सम्झनु पर्छ।

(त) “सार्वजनिक-निजी साझेदारी” भन्नाले गाउँपालिका र निजी क्षेत्रबीच सम्झौता (करार) का आधारमा पर्यटन सेवा, पूर्वाधार विकास वा व्यवस्थापन संयुक्त रूपमा सञ्चालन गर्ने व्यवस्था सम्झनु पर्छ।

(थ) “करार सम्झौता” भन्नाले यस कार्यविधिको दफा २७ बमोजिम अनुसूची-३ अनुसार गाउँपालिका र निजी क्षेत्रबीच हुने सम्झौता सम्झनु पर्छ।

(द) “कोष” भन्नाले ऐन तथा यस कार्यविधिबमोजिम स्थापित पर्यटन प्रवर्द्धन कोष सम्झनु पर्छ।

(ध) “अनुगमन” भन्नाले यस कार्यविधि, मापदण्ड, कार्ययोजना वा करार सम्झौता पालना भए/नभएको सम्बन्धमा गाउँपालिकाबाट गरिने निरीक्षण, मूल्याङ्कन, प्रतिवेदन तथा निर्देशनसम्बन्धी कार्य सम्झनु पर्छ।

(न) “मापदण्ड” भन्नाले जल—पर्यटन, होम स्टे, माछापालन वा पर्यटन क्षेत्र व्यवस्थापनका लागि गाउँपालिकाले यस कार्यविधि अन्तर्गत तोकेको न्यूनतम मापदण्ड, शर्त वा निर्देशिका सम्झनु पर्छ।

(प) “सम्बन्धित निकाय” भन्नाले वडा कार्यालय, सुरक्षा निकाय, सामुदायिक संस्था, समितिहरू वा विषयगत कार्यालय/संस्था जस्ता पर्यटन व्यवस्थापनसँग सरोकार राख्ने निकाय सम्झनु पर्छ।

(फ) “IEE/EIA” भन्नाले प्रचलित संघीय तथा प्रदेश वातावरण संरक्षण सम्बन्धी कानूनबमोजिम गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्झनु पर्छ।

(ब) “कला” भन्नाले संगीत, नृत्य, नाटक, चित्रकला, हस्तकला लगायतका सिर्जनात्मक अभिव्यक्ति सम्झनु पर्छ।

परिच्छेद-२

## समिति गठन र व्यवस्थापन

### ४. समितिको गठनः

(१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रवन्ध गर्नका लागि एक पालिका स्तरीय पर्यटन प्रवर्द्धन समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछनः —

(क) बढैयाताल गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) गाउँपालिकाले तोकेको गाउँसभाको सदस्य ३ जना (१ जना महिला सहित)— सदस्य

(घ) पर्यटकीय स्रोत सम्पदा सम्बन्धि विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति ३ जना — सदस्य

(ङ) बढैयाताल गाउँपालिका आदिबासी जनजाती महासंघको प्रतिनिधि १ जना — सदस्य

(च) गाउँपालिकाले तोकेको पर्यटन विषयको विशेषज्ञ १ जना — सदस्य

(छ) गाउँपालिकाको पर्यटन क्षेत्र हेर्ने अधिकृत स्तरको कर्मचारी — सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।पदेन सदस्यहरू सम्बन्धित पदमा रहेसम्म सदस्य रहनेछन् ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विषय विज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसंग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

### ५. समितिको उद्देश्यः

समितिका उद्देश्य देहाय बमोजिम हुनेछः—

(क) पालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र संबर्ध्दन गर्दै पर्यटनको विकास गर्ने ।

(ख) गाउँपालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुको विविधीकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ग) गाउँपालिका भित्रको मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्ध्दन व्दारा स्थानीय उत्पादन उपयोग तथा आय तथा रोजगारीका अवसरहरूको सृजना गर्ने ।

बढैयाताल गाउँपालिका

(घ) गाउँपालिका क्षेत्रलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकसित गरी पर्यटन व्यवसायलाई मर्यादित रुपमा संचालन गरी दिगो ब्यवस्थापनमा जोड दिने ।

(ङ) गाउँपालिका क्षेत्रमा दीगो पर्यटन विकास गर्न, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न, पर्यटन व्यवसायमा देखिने नकरात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यकतानुसार कार्यमुलक अनुसन्धान गर्ने ।

(च) गाउँपालिका क्षेत्रमा पर्यटन व्यवसायको दीगो विकास एवं विस्तारका लागि आवश्यक सस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पु¥याउने ।

(छ) पर्यटकीय पुर्वाधारको विकास र  र्माणको क्रममा प्राकृतिक तथा साँस्कृतिक श्रोत  साधनको उपयोग गर्दा वातावरण सरंक्षण तर्फ उचित ध्यान दिदै स्रोत साधानको दीगो व्यवस्थापनमा जोड दिने ।

(ज) वहु भाषी, वहु धार्मिक, वहु सांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई संरक्षण गरि पर्यटन प्रवर्धनको श्रोतको रुपमा विकास गर्ने ।

**६. समितिको काम कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हनेछः—

(क) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, पबर्ध्दन तथा संरक्षण गर्ने सम्बन्धमा पर्यटन पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भई पालिका क्षेत्रलाई एक आर्कषक पर्यटन स्थलका रूपमा विकसित गर्ने ।

(ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूका क्रियाकलापहरूमा समन्वय, सहयोग तथा सहकार्य कायम गर्ने गराउने ।

(घ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससंग सम्बन्धित कायक्रमहरू  कार्यान्वयन गर्ने, गराउने ।

(ङ) पर्यटन व्यवसायका विकास, विस्तार र प्रर्वद्धन गर्नका लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(च) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी

पर्यटकहरूलाई पालिका क्षेत्रका धार्मिक र सांस्कृतिक महत्वकास्थलहरू, तथा मनोरम प्राकृतिक सौन्दर्यका दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्पेरित गर्ने ।

(छ) गाउँपालिका क्षेत्रलाई एक साहसिक तथा आर्कषक पर्यटन केन्द्रका रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायु तथा धार्मिक क्षेत्रमा आधारित मनोरन्जनात्मक, शैक्षिक, वन्यजन्तुपालन, वन्यजन्तु अवलोकन, प्रकृति अध्ययन तथा साहसिक खेल पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक सांस्कृति र परम्परामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिकाका विभिन्न

भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा–सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रर्वद्धनात्मक पर्यटकीय उत्पादनसंग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न, त्यस्ता क्रियाकलापहरु सफल सञ्चालन गर्न र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू संचालन गर्न प्रोत्साहित गर्ने ।

(झ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ–मन्दिर, गुम्बा पाटीपौवाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ञ) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकासका लागि ग्रामीण पर्यटन स्थलहरूका विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू

सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई होम स्टेका लागि उत्प्रेरित गर्ने ।

(ट) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्दै ग्रामिण भेगका वडाहरुमा ग्रामिण पर्यटन उपकेन्द्र बनाउन आवश्यक कार्य गर्ने ।

(ठ) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा संबर्द्धन गरी धार्मिक पर्यटन विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आर्कषित हुने गरी सुविधाहरू विस्तार गर्नका साथै त्यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रका रूपमा विकसित गर्ने, गराउने ।

(ड) पर्यटन प्रबर्द्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सांकृतिक एवं पर्यटकीय नगर बीच पर्यटन भगिनी सम्बन्ध स्थापित गर्ने ।

(ढ) समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकारको स्वीकृति लिई पर्यटन क्षेत्रको विकासको लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता गर्ने ।

(ण) छिमेकका अन्य स्थानीय तहहरूसंग समन्वय गरी पारस्परिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरूमा अभिबृद्धि गर्ने ।

(त) पर्यटन जनचेतनाका लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(थ) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूका सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(द) पर्यटन सेवा र सुविधाहरूमा गुणस्तर बद्धि गर्नका लागि पर्यटन व्यवसायीहरूलाई आवश्यकीय आचार संहिता बनाई लागु गर्ने ।

(ध) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पु¥याउने ।

(न) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी आवश्यक सुझाव तथा परार्मश लिने ।

(प) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसंग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(फ) सास्कृतिक ग्राम निर्माण गर्ने र उत्कृष्ट ग्रामहरुलाई थप लगानी गर्ने ।

(ब) स्वदेशी पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटन विकासमा सहयोग पु¥याउने ।

(भ) पर्यटक खेलकुदको लागि आवश्यक व्यवस्था मिलाउने ।

(म) पालिका क्षेत्रमा रहेको सामुदायिक वन संग समन्वय गरि पर्यटन प्रबर्द्धनका र विकासको कार्यक्रमहरु गर्ने ।

(य) पर्यटकहरुको लागि साइकल मार्ग लगायतका विभिन्न मार्ग र रोपलाईनहरु निर्माण गर्ने ।

(र) पर्यटकाको लागि आवश्यक सुरक्षा व्यवस्था तथा स्वास्थ्य सुविधा मिलाउन समन्वय गर्ने ।

(ल) पर्यटन व्यवसायसंग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्ता गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानूनमा तोकिएको मापदण्ड एवं अनुमति बिना कार्य गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(व) समितिले आवश्यकता भएमा उप–समिति गठन गर्न सक्नेछ ।

**७. वडा पर्यटन प्रबर्द्धन समिति गठन गर्न सक्नेः**

(१) समितिको उद्देश्य प्रासिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रवन्ध गर्नका लागि एक वडा पर्यटन प्रबर्द्धन

समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति – अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा सदस्य मध्येबाट वडा समितिले तोकेको १ जना – सदस्य

(ग) सम्बन्धित वडाको संघसस्था मध्येबाट वडा समितिले तोकेको १ जना – सदस्य

(घ) पर्यटकीय स्रोत सम्पदा सम्बन्धि विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट वडा समितिले तोकेको कम्तिमा १ जना महिला सहित २ जना – सदस्य

(ङ) वडा आदिबासी जनजाती महासंघको प्रतिनिधि १ जना – सदस्य

बैजनाथ गाउँपालिका

(च) सम्बन्धित वडाको वडा सचिव — सदस्य — सचिव

**८. वडा पर्यटन प्रबर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**

(क) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने,

(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,

(ग) एक गाउँ एक उत्पादनको पहिचान र प्रबर्द्धन गर्ने,

(घ) स्थानीय भाषा कला सस्कृतिको जर्गेना र विकास गर्ने,

(ङ) पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्ने,

(च) गाउँपालिका पर्यटन प्रबर्द्धन समितिले तोकेका अन्य कार्य गर्ने,

**९. बढैयाताल गाउँपालिका होम स्टे संचालन समितिः**

(१) बढैयाताल गाउँपालिकाले होम स्टेको माध्यमबाट पर्यटन विकास, प्रबर्द्धन र सम्वर्द्धन गर्नका लागि देहाय बमोजिमको एक होम स्टे संचालनक समिति गठन गर्न सक्नेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

(ख) सम्बन्धित वडाको वन समुह मध्येबाट १ जना प्रतिनिधि — सदस्य

(ग) सम्बन्धित वडाको स्वास्थ्य चौकी/ईकाइ प्रमुख — सदस्य

(घ) सम्बन्धित वडाको आमा समुह मध्येबाट १ जना प्रतिनिधि — सदस्य

(ङ) सम्बन्धित वडाको खानेपानी उ.भो.स. मध्येबाट १ जना प्रतिनिधि — सदस्य

(च) सम्बन्धित वडाको वडा सदस्य मध्येबाट १ जना वडा सदस्य — सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव — सदस्य — सचिव

(२) होम स्टे संचालन गर्न व्यक्ति वा समुदायले तोकिएका कागजात सहित बढैयाताल गाउँपालिकामा निवेदन दिएमाउपदफा (१) बमोजिमको समितिले सामुदायिक तथा निजी होम स्टे संचालन गर्न दिएका निवेदनहरुको अध्ययन गरी तोकिएको मापदण्ड पुरा भए नभएको निरीक्षण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकता अनुसार विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निरीक्षणबाट तोकिएको मापदण्ड पुरा भएको निवेदनकर्तालाई पालिकाले

तोकेको राजश्व लिएर तोकिएको ढाँचामा होम स्टे संचालनको दर्ता प्रमाण—पत्र प्रदान गर्नुपर्नेछ ।

बढैयाताल गाउँपालिका

## परिच्छेद — ३

## समितिको बैठक र निर्णय

**१०. समितिका बैठक र निर्णयः**

(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक पर्ने गरी अध्यक्षले तोके बमोजिम हुनेछ तर अध्यक्षले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा ३५ दिनभित्र समितिका सदस्य—सचिवले अध्यक्षको अनुमति लिई समितिको बैठक बोलाउन पर्नेछ ।

(३) समितिका सदस्य — सचिवले समितिको बैठक बस्ने सूचनाका साथमा बैठकमा छलफल हुने विषयहरूका सूची बैठक बस्ने भन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कुल सदस्य सख्याका ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि

गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले

निर्णायक मत दिनेछ ।

(७) समितिका निर्णय समितिका सदस्य—सचिवले प्रमाणित गर्नेछ ।

## परिच्छेद ४

## पर्यटन क्षेत्र घोषणा तथा व्यवस्थापन

**११ . पर्यटन क्षेत्र घोषणा**

(१) बढैयाताल गाउँपालिकाभित्र कुनै स्थानलाई पर्यटन क्षेत्र घोषणा गर्न वडा कार्यालय, पालिका स्तरीय पर्यटन विकास समिति , सम्बन्धित सामुदायिक संस्था वा स्थानीय समुदायले गाउँपालिकामा लिखित प्रस्ताव पेश गर्न सक्नेछ।

(२) प्रस्ताव देहायबमोजिमका विवरण तथा कागजातसहित पेश गर्नुपर्नेछः

(क) प्रस्तावित पर्यटन क्षेत्रको नाम, ठेगाना तथा भौगोलिक सिमाना

बढैयाताल गाउँपालिका

(ख) क्षेत्रको नक्सा वा स्केच नक्सा

(ग) पर्यटन सम्भाव्यता विवरण (प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक वा अन्य आधार)

(घ) धार्मिक, सांस्कृतिक तथा सामाजिक संवेदनशीलतासम्बन्धी विवरण

(ङ) स्थानीय बासिन्दा, सरोकारवाला समूह वा संस्थाको सहमति वा समर्थनको प्रमाण

(च) सम्भावित वातावरणीय प्रभावको प्रारम्भिक विवरण

(छ) प्रस्तावक निकायको विवरण र सम्पर्क ठेगाना

(३) अपूरो विवरणसहित पेश गरिएको प्रस्ताव आवश्यक सुधारका लागि फिर्ता गर्न सकिनेछ।

**१२ . अध्ययन तथा मूल्याङ्कन**

(१) प्रस्ताव प्राप्त भएपछि गाउँपालिकाले आवश्यकतानुसार प्राविधिक टोली गठन गरी स्थलगत अध्ययन तथा मूल्याङ्कन गर्नेछ।

(२) प्राविधिक टोलीमा देहायका प्रतिनिधि समावेश गर्न सकिनेछः

(क) गाउँपालिकाको सम्बन्धित शाखाका प्रतिनिधि

(ख) पालिका स्तरीय पर्यटन विकास समिति का प्रतिनिधि

(ग) आवश्यक ठानेमा विषय विशेषज्ञ

(३) स्थलगत अध्ययनका क्रममा देहायका विषयको मूल्याङ्कन गरिनेछः

(क) पर्यटन सम्भावना र दीगोपन

(ख) स्थानीय संस्कृति, धार्मिक आस्था र सामाजिक संरचनामा पर्ने प्रभाव

(ग) वातावरणीय अवस्था तथा संरक्षण आवश्यकता

(घ) पूर्वाधारको अवस्था तथा विकास सम्भावना

(४) अध्ययन सम्पन्न भएपछि सम्बन्धित क्षेत्रका स्थानीय बासिन्दा तथा सरोकारवालाको सहभागितामा सार्वजनिक सुनुवाइ वा छलफल कार्यक्रम आयोजना गरिनेछ।

(५) प्राविधिक टोलीले अध्ययन तथा सार्वजनिक सुनुवाइको निष्कर्षसहित लिखित प्रतिवेदन तयार गरी पालिका स्तरीय पर्यटन विकास समिति मा पेश गर्नेछ।

**१३ . स्वीकृति प्रक्रिया**

(१) पालिका स्तरीय पर्यटन विकास समिति ले अध्ययन प्रतिवेदनको समीक्षा गरी आफ्नो रायसहित गाउँ कार्यपालिकामा सिफारिस पेश गर्नेछ।

(२) गाउँ कार्यपालिकाले उक्त सिफारिस उपयुक्त ठानेमा प्रस्ताव गाउँसभामा पेश गर्ने निर्णय गर्नेछ।

(३) गाउँसभाबाट स्वीकृति प्राप्त भएपछि सम्बन्धित क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरिएको मानिनेछ।

(४) स्वीकृत पर्यटन क्षेत्रको नाम, सिमाना, विशेषता तथा व्यवस्थापनसम्बन्धी विवरण गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनेछ।

(५) पर्यटन क्षेत्र घोषणा पश्चात् आवश्यक परेमा उक्त क्षेत्रको सिमाना परिमार्जन, अस्थायी स्थगन वा खारेजीसम्बन्धी निर्णय गाउँसभाबाट गर्न सकिनेछ।

## परिच्छेद-५

## जल-पर्यटन सञ्चालन

**१४ . अनुमति प्रक्रिया**

(१) बढैयाताल वा गाउँपालिकाको स्वामित्वमा रहेका अन्य ताल तथा जलाशय क्षेत्रमा जल-पर्यटन (डुंगा सयर, पैडल डुंगा, क्यानोइङ वा अन्य जल-गतिविधि) सञ्चालन गर्न चाहने व्यक्ति वा निकायले गाउँपालिकामा अनुसूची-१ बमोजिम आवेदन पेश गर्नुपर्नेछ।

(२) आवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) व्यवसाय दर्ता प्रमाणपत्र (लागु भएमा)

(ख) बीमा प्रमाणपत्र (न्यूनतम तेस्रो पक्ष दायित्व बीमा सहित)

(ग) प्रस्तावित जल-पर्यटन सञ्चालन योजना

(घ) सुरक्षा व्यवस्थापन योजना

(ङ) प्रयोग गरिने उपकरण तथा डुंगाको विवरण

(च) सञ्चालन क्षेत्र र समय तालिका

(३) गाउँपालिकाले आवेदनको प्रारम्भिक परीक्षण गरी आवश्यक ठानेमा स्थलगत निरीक्षण गर्नेछ।

(४) मापदण्ड पूरा भएको देखिएमा गाउँपालिकाले निश्चित अवधि तोकी अनुसूची-५ बमोजिम अनुमति पत्र जारी गर्नेछ।

(५) अनुमति पत्र एक वर्षसम्म मान्य हुनेछ र नवीकरणका लागि निर्धारित शुल्कसहित आवेदन दिनुपर्नेछ।

(६) अनुमति बिना जल-पर्यटन सञ्चालन गर्न पाइने छैन।

**१५ . सञ्चालन मापदण्ड**

जल-पर्यटन सञ्चालन गर्दा देहायका मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) प्रत्येक पर्यटकलाई लाइफ ज्याकेट अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ।

(ख) प्रत्येक डुंगाको अधिकतम यात्रु क्षमता गाउँपालिकाले तोकेको मापदण्डभन्दा बढी हुन नपाउने।

(ग) डुंगा तथा उपकरण प्राविधिक रूपमा सुरक्षित, मर्मतसम्भार गरिएको र प्रयोगयोग्य हुनुपर्नेछ।

(घ) ताल क्षेत्रमा प्लास्टिक, तेल, रासायनिक पदार्थ वा अन्य प्रदूषणजन्य वस्तु फाल्न निषेध हुनेछ।

बढैयाताल गाउँपालिका

(ङ) धार्मिक, सांस्कृतिक वा पूजास्थल नजिक अत्यधिक ध्वनि, अनुचित गतिविधि वा अशोभनीय व्यवहार गर्न निषेध हुनेछ।

(च) साँझपछिको सञ्चालन समय, मौसमको अवस्था तथा आपतकालीन परिस्थिति सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।

(छ) चालक वा सञ्चालनकर्ता व्यक्तिले आवश्यक तालिम प्राप्त गरेको हुनुपर्नेछ।

(ज) आपतकालीन उद्धार सामग्री (रिङ, डोरी, प्राथमिक उपचार किट आदि) उपलब्ध हुनुपर्नेछ।

(झ) जल-पर्यटन गतिविधि तालको प्राकृतिक संरचना र जैविक विविधतालाई असर नपर्ने गरी सञ्चालन गर्नुपर्नेछ।

**१६ . अनुगमन तथा नियमन**

(१) गाउँपालिकाले जल-पर्यटन सञ्चालनको नियमित अनुगमन गर्नेछ।

(२) कम्तीमा प्रत्येक तीन महिनामा एक पटक स्थलगत निरीक्षण गरिनेछ।

(३) निरीक्षणका क्रममा मापदण्ड उल्लङ्घन भएको पाइएमा पहिलो पटक चेतावनी दिइने, दोस्रो पटक प्रचलित कानून तथा गाउँ कार्यपालिकाबाट स्वीकृत शुल्क/जरिवाना दरबमोजिम जरिवाना गरिनेछ र गम्भीर अवस्थामा अनुमति स्थगन वा रद्द गर्न सकिनेछ।

(४) जल-पर्यटन सञ्चालनको अभिलेख, यात्रु संख्या तथा आय-व्यय विवरण अभिलेखीकरण गर्नुपर्नेछ र गाउँपालिकाले आवश्यक परेमा उक्त विवरण माग गर्न सक्नेछ।

(५) यस परिच्छेदअन्तर्गत गरिने कारबाही पर्यटन प्रवर्द्धन ऐन तथा प्रचलित कानूनबमोजिम हुनेछ।

## परिच्छेद-६

## होम स्टे दर्ता तथा सञ्चालन कार्यविधि

**१७ . होम स्टे दर्ता प्रक्रिया**

(१) बढैयाताल गाउँपालिकाभित्र होम स्टे सञ्चालन गर्न इच्छुक परिवारले अनुसूची-२ बमोजिम गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(२) निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) नागरिकताको प्रतिलिपि

(ख) जग्गा/घरधनी प्रमाणपत्र वा जग्गा/घरधनीसँग कम्तीमा पाँच (५) वर्षको सम्झौतापत्र (भाडा/उपयोग सम्झौता)

(ग) घरको संरचना तथा कोठा विवरण

(घ) परिवारका सदस्यहरूको विवरण

(ङ) स्थानीय वडा कार्यालयको सिफारिस

(३) गाउँपालिकाले सम्बन्धित शाखामार्फत स्थलगत निरीक्षण गर्नेछ।

(४) निरीक्षण प्रतिवेदन सन्तोषजनक देखिएमा गाउँपालिकाले अनुसूची-४ बमोजिम दर्ता प्रमाणपत्र जारी गरिनेछ।

बढैयाताल गाउँपालिका

(५) दर्ता प्रमाणपत्र दुई वर्षसम्म मान्य हुनेछ र नवीकरणका लागि निर्धारित शुल्कसहित निवेदन दिनुपर्नेछ।

(६) दर्ता बिना होम स्टे सञ्चालन गर्न पाइने छैन।

**१८ . न्यूनतम मापदण्ड**

होम स्टे सञ्चालन गर्दा देहायका न्यूनतम मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) सरसफाइयुक्त र हावापानी प्रवेश हुने कोठा उपलब्ध हुनुपर्ने।

(ख) स्वच्छ तथा सुरक्षित शौचालय र स्नानगृहको व्यवस्था हुनुपर्ने।

(ग) सुरक्षित र स्वच्छ खानेपानी उपलब्ध गराउनुपर्ने।

(घ) अतिथि आगमन-प्रस्थान अभिलेख राख्नुपर्ने (रजिस्टर अनिवार्य)।

(ङ) आगलागी नियन्त्रणका लागि प्राथमिक अग्नि-निरोधक सामग्री उपलब्ध हुनुपर्ने।

(च) फोहोर व्यवस्थापनको उचित व्यवस्था हुनुपर्ने।

(छ) स्थानीय संस्कृति, परम्परा तथा जीवनशैली झल्किने वातावरण कायम राख्नुपर्ने।

(ज) आधारभूत प्राथमिक उपचार सामग्री उपलब्ध हुनुपर्ने।

(झ) पर्यटकको सुरक्षा र गोपनीयताको सम्मान गरिनुपर्ने।

**१९ . सेवा र सञ्चालन सम्बन्धी व्यवस्था**

(१) होम स्टे सञ्चालकले स्थानीय खानपान, संस्कृति तथा परम्परालाई सम्मान गर्दै सेवा उपलब्ध गराउनुपर्नेछ।

(२) अतिथिसँग भेदभावपूर्ण व्यवहार गर्न पाइने छैन।

(३) होम स्टेमा अत्यधिक ध्वनि, अवाञ्छित गतिविधि वा सामाजिक मर्यादाविपरीत कार्य गर्न निषेध हुनेछ।

(४) होम स्टे सञ्चालकले स्थानीय कर तथा शुल्क सम्बन्धी प्रचलित व्यवस्था पालना गर्नुपर्नेछ।

(५) होम स्टे सञ्चालकले सार्वजनिक रुपमा देखिने गरि होम स्टे सम्बन्धि आचारसंहिता राख्नु पर्नेछ।

(६) अन्य व्यवस्था यस कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ।

**२० . अनुगमन तथा नवीकरण**

(१) गाउँपालिकाले होम स्टे सञ्चालनको आवधिक अनुगमन गर्नेछ।

(२) मापदण्ड उल्लङ्घन भएको पाइएमा पहिलो पटक चेतावनी, पुनरावृत्ति भएमा दर्ता स्थगन वा रद्द गर्न सकिनेछ।

(३) नवीकरणका लागि मापदण्ड पालना गरेको प्रमाण पेश गर्नुपर्नेछ।

**परिच्छेद-७**

**पर्यटनसँग समन्वय तथा क्षेत्र निर्धारण**

**२१ . पर्यटनसँग समन्वय तथा क्षेत्र निर्धारण**

(१) क्षेत्र निर्धारण गर्दा जल-पर्यटन, धार्मिक गतिविधि, ताल अवलोकन तथा अन्य पर्यटकीय गतिविधिसँग द्वन्द्व नहुने व्यवस्था मिलाइनेछ।

(२) आवश्यक परेमा ताल क्षेत्रलाई जल-पर्यटन क्षेत्र, अवलोकन/संरक्षण क्षेत्र, तथा धार्मिक/सांस्कृतिक क्षेत्र भनी फरक-फरक क्षेत्र निर्धारण गर्न सकिनेछ।

(३) पर्यटन गतिविधि सञ्चालनको समय तालिका तोक्न सकिनेछ।

**२२ . वातावरणीय सर्त तथा संरक्षण व्यवस्था**

पर्यटन गतिविधि सञ्चालन गर्दा देहायका वातावरणीय सर्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) ताल क्षेत्रमा विषादी, औषधि वा प्रदूषणजन्य पदार्थ प्रयोग गर्न निषेध हुनेछ।

(ख) तालको प्राकृतिक स्वरूप, जैविक विविधता तथा जलचर प्रणालीमा प्रतिकूल असर नपर्ने गरी पर्यटन गतिविधि गर्नुपर्नेछ।

(ग) तालमा फोहोर, प्लास्टिक, जालको अवशेष वा अन्य वस्तु फाल्न निषेध हुनेछ।

(घ) पर्यटन गतिविधि गर्दा अत्यधिक आवाज, यान्त्रिक साधन वा तालको सौन्दर्य बिगार्ने गतिविधि गर्न पाइने छैन।

(ङ) पर्यटन गतिविधि गर्दा फोहोर व्यवस्थापन सुरक्षित र वातावरणमैत्री तरिकाले गर्नुपर्नेछ।

**२३ . अनुगमन तथा कारबाही**

(१) गाउँपालिकाले पर्यटन गतिविधिको आवधिक अनुगमन गर्नेछ।

(२) मापदण्ड उल्लङ्घन भएको पाइएमा पहिलो पटक लिखित चेतावनी, पुनरावृत्ति भएमा अनुमति स्थगन वा रद्द गर्न सकिनेछ।

(३) गम्भीर वातावरणीय क्षति भएको अवस्थामा प्रचलित संघीय तथा प्रदेश कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

**२४ . पर्यटनसँग आबद्धता**

(१) गाउँपालिकाले आवश्यक ठानेमा माछापालन गतिविधिलाई पर्यटन अनुभवका रूपमा विकास गर्न सक्नेछ।

(२) स्थानीय माछा परिकार, अवलोकन कार्यक्रम वा सांस्कृतिक अनुभवसँग आबद्ध गरी प्रवर्द्धन गर्न सकिनेछ।

**परिच्छेद-८**

**साझेदारी तथा लिजमा दिने प्रक्रिया**

**२५ . प्रस्ताव आह्वान प्रक्रिया**

बुढ्यानाल गाउँपालिका

(१) पर्यटन क्षेत्रभित्र सेवा सञ्चालन, पूर्वाधार निर्माण, जल-पर्यटन, होम स्टे व्यवस्थापन, पार्किङ, टिकटिङ वा अन्य पर्यटनसम्बन्धी गतिविधि तथा माछा पोखरी निर्माण , भुरा तथा दाना खरिद, मुल्य शृंखला अभिवृदी , संकलन, प्रशोधन, बजारीकरण तथा तालिम सञ्चालन गर्न निजी क्षेत्रसँग साझेदारी / लिजमा दिन गाउँपालिकाले प्रचलित कानुन नामोजिम सार्वजनिक सूचना प्रकाशित गर्नेछ।

(२) सार्वजनिक सूचनामा देहायका विषय स्पष्ट उल्लेख गरिनेछः

(क) प्रस्तावित परियोजना वा सेवाको विवरण

(ख) सञ्चालन क्षेत्र

(ग) न्यूनतम योग्यता

(घ) लगानीको दायरा

(ङ) प्रस्ताव पेश गर्ने अन्तिम मिति

(च) मूल्याङ्कन मापदण्ड

(३) प्रतिस्पर्धात्मक प्रस्ताव आह्वान प्राथमिक विधि हुनेछ। विशेष परिस्थितिमा प्रत्यक्ष वार्ता विधि अवलम्बन गर्न सकिनेछ।

## २६ . प्रस्ताव मूल्याङ्कन समिति

(१) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गर्न गाउँ कार्यपालिकाले मूल्याङ्कन समिति गठन गर्नेछ।

(२) मूल्याङ्कन समितिमा देहायका प्रतिनिधि समावेश गर्न सकिनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी —संयोजक

(ख) पर्यटन हेर्ने अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) प्राविधिक प्रतिनिधि - सदस्य

(घ) आर्थिक/लेखा प्रतिनिधि - सदस्य

(ङ) पर्यटन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(३) मूल्याङ्कन गर्दा देहायका आधारहरूलाई प्राथमिकता दिइनेछः

(क) प्राविधिक क्षमता

(ख) वित्तीय प्रस्ताव

(ग) अनुभव

(घ) स्थानीय रोजगारी सिर्जना गर्ने प्रतिबद्धता

(ङ) वातावरणीय संरक्षण योजना

(४) मूल्याङ्कन प्रतिवेदन गाउँ पालिकामा पेश गरिनेछ।

## २७ . करार सम्झौता

(१) स्वीकृत प्रस्तावकसँग अनुसूची-३ बमोजिम करार सम्झौता गरिनेछ।

(२) करार सम्झौतामा देहायका विषय अनिवार्य रूपमा उल्लेख गरिनेछः

(क) परियोजना वा सेवाको प्रकृति

(ख) लगानीको दायरा र जिम्मेवारी

(ग) सञ्चालन अवधि

(घ) राजस्व बाँडफाँट व्यवस्था

(ङ) शुल्क निर्धारण मापदण्ड

(च) अनुगमन तथा प्रतिवेदन व्यवस्था

(छ) बीमा तथा दायित्व

(ज) सम्झौता उल्लङ्घन भएमा कारबाही

(झ) विवाद समाधान प्रक्रिया

(३) करार अवधि समाप्त भएपछि नवीकरण वा पुनः प्रतिस्पर्धात्मक प्रक्रिया अपनाइनेछ।

**२८ . राजस्व तथा लाभ बाँडफाँट**

(१) निजी क्षेत्रबाट संकलित राजस्व करार सम्झौतामा उल्लेखित अनुपातमा बाँडफाँट गरिनेछ।

(२) राजस्व विवरण त्रैमासिक/मासिक रूपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) गाउँपालिकाले आवश्यक ठानेमा लेखापरीक्षण गर्न सक्नेछ।

**२९ . मूल्याङ्कन तथा अनुगमन**

(१) गाउँपालिकाले निजी क्षेत्रसँग सञ्चालन भइरहेको परियोजनाको नियमित अनुगमन गर्नेछ।

(२) करार सर्त उल्लङ्घन भएको पाइएमा पहिलो पटक लिखित चेतावनी दिइनेछ।

(३) गम्भीर उल्लङ्घन वा पुनरावृत्ति भएमा करार स्थगन वा रद्द गर्न सकिनेछ।

(४) आवश्यक परेमा प्रचलित कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

**३० . वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था**

(१) निजी क्षेत्रसँग साझेदारीमा सञ्चालन हुने कुनै पनि पर्यटन गतिबिधि, मत्स्य पालन तथा पूर्वाधार विकास वा संरचना निर्माण कार्य गर्दा सो योजनाको वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सम्बन्धित निजी क्षेत्रले सो प्रक्रिया अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ।

(२) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने आयोजनाको स्वीकृति सम्बन्धित निकायबाट प्राप्त नगरी परियोजना सञ्चालन गर्न पाइने छैन।

(३) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका शर्त तथा सिफारिसहरू करार सम्झौतामा समावेश गरिनेछ।

(४) वातावरणीय क्षति भएमा सम्बन्धित निजी क्षेत्रले प्रचलित कानूनबमोजिम दायित्व वहन गर्नुपर्नेछ।

(५) गाउँपालिकाले वातावरणीय संरक्षण, जैविक विविधता संरक्षण तथा दिगो पर्यटन सिद्धान्त पालन भए/नभएको अनुगमन गर्न सक्नेछ।

**परिच्छेद-९**

बेथ्यानाल गाउँपालिका

## पर्यटन प्रवर्द्धन कोष सञ्चालन कार्यविधि

**३१ . कोष सञ्चालन**

(१) पर्यटन प्रवर्द्धन कोष गाउँपालिकाको छुट्टै बैंक खातामा सञ्चालन गरिनेछ।

(२) कोष सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको तोकिएको कर्मचारीको संयुक्त हस्ताक्षरमा हुनेछ।

(३) कोषमा देहायबमोजिमका रकम जम्मा गरिनेछः

(क) गाउँपालिकाबाट विनियोजित बजेट

(ख) पर्यटन क्षेत्रबाट संकलित शुल्क, प्रवेश शुल्क वा सेवा शुल्क

(ग) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान

(घ) निजी क्षेत्र, दाता निकाय वा अन्य स्रोतबाट प्राप्त सहयोग

(ङ) प्रचलित कानूनबमोजिम प्राप्त अन्य रकम

(४) कोषको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछः

(क) पर्यटन प्रचार-प्रसार कार्यक्रम

(ख) पर्यटन पूर्वाधार सुधार तथा मर्मत

(ग) सरसफाइ, सौन्दर्यीकरण तथा वातावरण संरक्षण

(घ) क्षमता विकास, तालिम तथा अभिमुखीकरण कार्यक्रम

(ङ) पर्यटन मेला, महोत्सव, साहित्यिक तथा सांस्कृतिक कार्यक्रम

(च) कार्यविधिबमोजिम स्वीकृत अन्य कार्य

(५) कोषबाट खर्च गर्दा पालिका स्तरीय पर्यटन विकास समिति को सिफारिस तथा गाउँ कार्यपालिकाको निर्णय अनिवार्य हुनेछ।

(६) आकस्मिक अवस्थामा कार्यपालिकाको निर्णयअनुसार तत्काल खर्च गर्न सकिनेछ, तर सो खर्च पछि समितिमा जानकारी गराउनुपर्नेछ।

**३२ . लेखा, अभिलेख तथा पारदर्शिता**

(१) कोषको आय-व्ययको अभिलेख प्रचलित सरकारी लेखा प्रणालीअनुसार राखिनेछ।

(२) कोषको वार्षिक लेखापरीक्षण अनिवार्य रूपमा गरिनेछ।

(३) लेखापरीक्षण प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ।

(४) कोषको वार्षिक आय-व्यय विवरण गाउँपालिकाको वेबसाइट, सूचना पाटी वा सार्वजनिक माध्यमबाट सार्वजनिक गरिनेछ।

(५) गाउँपालिकाले आवश्यक ठानेमा आन्तरिक लेखापरीक्षण गर्न सक्नेछ।

**३३ . अनियमितता सम्बन्धी व्यवस्था**

(१) कोषको दुरुपयोग, हिनामिना वा अनियमितता भएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

बेठ्यातोल गाउँपालिका

(२) जिम्मेवार पदाधिकारीले आर्थिक अनुशासन पालन गर्नुपर्नेछ।

## परिच्छेद-१०

## अनुगमन तथा मुल्यांकन प्रक्रिया

### ३४ . अनुगमन व्यवस्था

(१) यस कार्यविधिबमोजिम सञ्चालन हुने जल-पर्यटन, होम स्टे, निजी क्षेत्र साझेदारी तथा अन्य पर्यटनसम्बन्धी गतिविधिको नियमित अनुगमन गाउँपालिकाले गर्नेछ।

(२) कम्तीमा प्रत्येक तीन महिनामा एक पटक स्थलगत अनुगमन गरिनेछ। आवश्यकता अनुसार आकस्मिक अनुगमन पनि गर्न सकिनेछ।

(३) अनुगमनका लागि गाउँपालिकाले अनुगमन टोली गठन गर्न सक्नेछ।

(४) अनुगमनका क्रममा देहायका विषयहरू जाँच गरिनेछः

(क) अनुमति तथा दर्ता वैधता

(ख) मापदण्डको पालना

(ग) वातावरणीय तथा सुरक्षा सर्तको कार्यान्वयन

(घ) करार सम्झौता पालना

(ङ) राजस्व तथा अभिलेख व्यवस्थापन

(५) अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित शाखामा अभिलेखीकरण गरिनेछ।

(६) अनुगमनका क्रममा सामान्य कमजोरी वा सुधारयोग्य विषय देखिएमा सम्बन्धित व्यक्ति वा निकायलाई निश्चित समयसीमा तोकी मौखिक / लिखित निर्देशन दिइनेछ।

### ३५ . सुधारात्मक कारबाही

(१) दफा ३४ को उपदफा (६) बमोजिम दिइएको निर्देशन तोकिएको समयभित्र पालना गर्नुपर्नेछ ।

(२) निर्देशन पालना नगरेमा गाउँपालिकाले देहायबमोजिम चरणबद्ध कारबाही गर्न सक्नेछः

(क) पुनः चेतावनी

(ख) सेवा वा गतिविधि अस्थायी रूपमा स्थगन

(ग) अनुमति वा दर्ता रद्द

(घ) करार सम्झौता रद्द

(३) गम्भीर प्रकृतिको उल्लङ्घन (जस्तैः वातावरणीय क्षति, जनसुरक्षा जोखिम, करारको गम्भीर उल्लङ्घन) भएको अवस्थामा पूर्वसूचना दिई तत्काल स्थगन वा रद्द गर्न सकिनेछ।

(४) कारबाही गर्नुअघि सम्बन्धित पक्षलाई आफ्नो स्पष्टीकरण पेश गर्ने अवसर दिइनेछ।

(५) कारबाही पर्यटन प्रवर्द्धन ऐन तथा प्रचलित संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी गरिनेछ।

बौद्धाताल गाउँपालिका

(६) आवश्यकता अनुसार प्रचलित कानूनबमोजिम जरिवाना वा अन्य प्रशासनिक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(७) तर उपदफा (३) बमोजिम करार सम्झौता रद्द गर्दा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा नभएको पाइएमा, लगानीको आधारमा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति दिन सकिनेछ।

(८) निजी क्षेत्रसंग करार सम्झौता गरि संचालन गरिएका पर्यटन गतिबिधि तथा माछापालन संचालन गर्दा प्राकृतिक विपद (हावाहुरी, बाढी,बाँध फुट्ने, चटयांङ्ग, आगलागी ,भूकम्प आदि) तथा लुटपाटबाट क्षति हुन गएमा सो को मुल्यांकनको आधारमा समयावधि थप गर्न सक्नेछ ।

**३६ . पुनरावलोकन तथा अपिल**

(१) कारबाहीबाट प्रभावित पक्षले निर्णय भएको मितिले १५ दिनभित्र गाउँ कार्यपालिकामा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) कार्यपालिकाले निवेदनको अध्ययन गरी आवश्यक निर्णय गर्नेछ।

(३) कार्यपालिकाको निर्णय अन्तिम हुनेछ, तर प्रचलित कानूनबमोजिम अन्य कानुनी उपचारको बाटो बन्द हुने छैन।

## परिच्छेद-११

## विविध

**३७ . संशोधनसम्बन्धी व्यवस्था**

(१) यस कार्यविधिको कार्यान्वयनका क्रममा व्यवहारिक कठिनाइ उत्पन्न भएमा वा समयानुकूल सुधार आवश्यक देखिएमा गाउँ कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

(२) संशोधन गर्दा गाउँ पालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ तथा प्रचलित संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी गरिनेछ।

(३) आवश्यक परेमा संशोधनपूर्व सम्बन्धित सरोकारवाला निकाय, पालिका स्तरीय पर्यटन विकास समिति तथा स्थानीय समुदायसँग परामर्श गर्न सकिनेछ।

(४) संशोधनसम्बन्धी निर्णय गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

(५) संशोधित व्यवस्था सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

बढैयाताल गाउँपालिका

## अनुसूची-१

## जल-पर्यटन अनुमति निवेदन फाराम

१. निवेदकको नाम/संस्थाको नामः

२. ठेगाना

३. सम्पर्क नम्बरः

४. व्यवसाय दर्ता नं. (लागु भएमा)ः

५. सञ्चालन गर्न चाहेको जल-पर्यटनको प्रकार (✓ लगाउनुहोस्)ः

☐ डुंगा सयर

☐ क्यानोइङ

☐ अन्यः

६. प्रयोग गरिने डुंगाको संख्या र क्षमताः

७. प्रस्तावित सञ्चालन क्षेत्रः

८. सञ्चालन समयः

९. बीमा विवरण (तेस्रो पक्ष दायित्व सहित)ः

१०. सुरक्षा व्यवस्थाको विवरणः

माथि उल्लेखित विवरण सत्य रहेको घोषणा गर्दछु र प्रचलित कानून तथा कार्यविधि पालना गर्ने प्रतिबद्धता जनाउँछु।

निवेदकको हस्ताक्षरः
मितिः

बैठ्याताल गाउँपालिका

## अनुसूची-२

## होम स्टे दर्ता फाराम

१. घरधनी/संचालकको नामः

२. नागरिकता नं.ः

३. ठेगाना (वडा नं. सहित)ः

४. सम्पर्क नम्बरः

५. उपलब्ध कोठा संख्याः

६. उपलब्ध शौचालय/स्नानगृह संख्याः

७. खानेपानीको स्रोतः

८. आगलागी सुरक्षा सामग्री उपलब्ध छ/छैनः

९. फोहोर व्यवस्थापनको व्यवस्थाः

म कार्यविधिमा तोकिएका सबै मापदण्ड पालना गर्ने प्रतिबद्धता जनाउँछु।

निवेदक हस्ताक्षरः

मितिः

निरीक्षण प्रतिवेदनः निरीक्षकको हस्तक्षार र मितिः

☐ उपयुक्त

☐ सुधार आवश्यक

☐ अस्वीकृत

दर्ता नं.ः

जारी मितिः

## अनुसूची-३

## निजी क्षेत्रसँग करार सम्झौता ढाँचा

यो करार बढैयाताल गाउँपालिका (पहिलो पक्ष) र ......................... (दोस्रो पक्ष) बीच देहायबमोजिम सम्पन्न गरिएको छ।

१. परियोजनाको नामः

२. परियोजनाको प्रकृतिः

बढैयाताल गाउँपालिका

३. सञ्चालन अवधिः

४. लगानी विवरणः

५. राजस्व बाँडफाँटः

गाउँपालिका ........%

दोस्रो पक्ष ......%

६. दायित्वः

- वातावरण संरक्षण
- सुरक्षा मापदण्ड पालन
- स्थानीय रोजगारी प्राथमिकता

७. वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन (लागु भएमा):

प्रचलित कानूनबमोजिम अनिवार्य।

८. अनुगमनः

गाउँपालिकाले नियमित अनुगमन गर्नेछ।

९. सम्झौता उल्लङ्घनः

करार सर्त उल्लङ्घन भएमा सम्झौता रद्द गर्न सकिनेछ।

१०. विवाद समाधानः

पारस्परिक छलफल वा प्रचलित कानूनबमोजिम।

पहिलो पक्षको हस्ताक्षरः | दोस्रो पक्षको हस्ताक्षरः

मितिः | मितिः

**अनुसूची-४**

**होम स्टे दर्ता प्रमाणपत्र**

बढैयाताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पर्यटन शाखा

बढैयाताल, बर्दिया

**<u>होम स्टे दर्ता प्रमाणपत्र</u>**

प्रमाणपत्र नं.:

बढैयाताल गाउँपालिका

श्री/श्रीमती/संस्था (नाम)................., ठेगाना (वडा नं. सहित) .................... ले बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ तथा बढैयाताल गाउँपालिका पर्यटन प्रवर्द्धन कार्यविधि, २०८२ बमोजिम होम स्टे सञ्चालनका लागि आवश्यक न्यूनतम मापदण्ड पूरा गरेको पाइएकाले देहायबमोजिम होम स्टे सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।

होम स्टेको नामः ........................

उपलब्ध कोठा संख्याः ....................

मान्य अवधिः....................देखि...................सम्म।

यस प्रमाणपत्र प्राप्त होम स्टेले प्रचलित कानून, ऐन, कार्यविधि तथा गाउँपालिकाले तोकेको मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

जारी मितिः

................................
(प्रमुख प्रशासकीय अधिकृत)

गाउँपालिकाको छाप

**अनुसूची-५**

**जल-पर्यटन सञ्चालन अनुमति प्रमाणपत्र**

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्यटन शाखा
बढैयाताल, बर्दिया

**जल-पर्यटन सञ्चालन अनुमति प्रमाणपत्र**

प्रमाणपत्र नं.:
श्री/श्रीमती/संस्था (नाम)..........................., ठेगाना (वडा नं. सहित)...................... ले बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२ तथा बढैयाताल गाउँपालिका पर्यटन प्रवर्द्धन कार्यविधि, २०८२ बमोजिम जल-पर्यटन सञ्चालनका लागि आवश्यक न्यूनतम मापदण्ड पूरा गरेको पाइएकाले देहायबमोजिम जल-पर्यटन सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।
सञ्चालन गतिविधिः डुंगा सयर/ क्यानोइङ/अन्य......................
सञ्चालन क्षेत्रः.....................
डुंगाको संख्या/क्षमता ........................
मान्य अवधि ............... देखि ................ सम्म।

बढैयाताल गाउँपालिका

सञ्चालनका क्रममा प्रत्येक यात्रुलाई लाइफ ज्याकेट प्रयोग अनिवार्य हुनेछ। धार्मिक, सांस्कृतिक तथा वातावरणीय संवेदनशीलता कायम राख्दै बीमा, सुरक्षा तथा गाउँपालिकाले तोकेका अन्य मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ। उल्लङ्घन भएमा प्रचलित कानूनबमोजिम अनुमति स्थगन वा रद्द गर्न सकिनेछ।

जारी मितिः

................................

(प्रमुख प्रशासकीय अधिकृत)

गाउँपालिकाको छाप

हिमालय त्रिपाठी

अध्यक्ष

बैद्याताल गाउँपालिका